# वार्षिक प्रतिवेदन

आ.व. २०७५/०७६ (सन् २०१८/०१९)

## मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति



# कार्यकारी निर्देशकको सन्देश



मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को आव २०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । २०७५ साल असार ३२ देखि २०७६ साल असार ३० सम्मको अवधिलाई समेट्ने यस प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गरिएका समग्र वित्तीय प्रतिवेदन, सञ्चालक समितिसमक्ष प्रस्तुत गरिएका आयोजनाहरूसम्बन्धी अद्यावधिक जानकारी तथा उक्त अवधिको अन्त्यमा विद्यमान संस्थागत अवस्था समेटिने गरी तयार गरिएको छ ।

एमसिए-नेपाल स्थापना गरिएको तथा कम्प्याक्टसम्बन्धी योजना तर्जुमा एवं कार्यान्वयनसम्बन्धी विभिन्न निर्णय लिइएको वर्ष भएका कारण गएको आर्थिक वर्ष यस कार्यक्रमका लागि निक्कै महत्वपूर्ण रहेको थियो । उक्त आर्थिक वर्षको अन्त्यसम्ममा कम्प्याक्टका दुई वटा पूर्वशर्त पूरा भएका थिए । ती पूर्वशर्त विद्युत् प्रसारण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा तथा नेपालमा विद्युत् नियमन आयोग गठन हुन् ।

म यस अवसरमा नेपाल सरकारको अर्थ मन्त्रालयप्रति अनवरत सहयोग तथा निर्देशनका लागि आभार व्यक्त गर्न चाहन्छु । साथै कम्प्याक्टलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्दै आउनुभएका सम्पूर्ण सरोकारवालाका योगदानप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । एमसिए-नेपालको सञ्चालक समितिका अध्यक्षका रूपमा अर्थ मन्त्रालयका सचिवज्यूले उपलब्ध गराउनुभएको नेतृत्व तथा मार्गदर्शनका लागि म आभार व्यक्त गर्न चाहन्छु । कम्प्याक्ट कार्यान्वयनका सन्दर्भमा निर्वाह गर्नुभएको जिम्मेवारीका लागि सञ्चालक समितिका सदस्यहरूप्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय एवं विद्युत् विकास विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय एवं सडक विभाग, सडक बोर्ड नेपाल, भू-व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालयबाट प्राप्त मार्गनिर्देशन तथा सहयोगका लागि पनि आभार व्यक्त गर्न चाहन्छु ।

नुवाकोट जिल्लास्थित जिल्ला प्रशासन कार्यालय तथा अन्य सम्बन्धित जिल्ला कार्यालयहरूबाट प्राप्त उल्लेख्य सहयोगका लागि पनि म धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मिलेनियम च्यालेञ्ज कर्पोरेशनबाट प्राप्त वित्तीय सहयोग तथा अनवरत प्राविधिक सहयोगका लागि पनि म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, गएको वर्ष हासिल उपलब्धिहरूका लागि कडा परिश्रम तथा पहल गर्नुहुने एमसिए-नेपाल टोलि, एमसीसी टोली, विशेषज्ञहरू, सल्लाहकारहरू, प्राविधिक साझेदारहरू तथा परामर्शदाताहरूप्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

खड्ग बहादुर विष्ट<br>
कार्यकारी निर्देशक<br>
एमसिए-नेपाल

# विषय-सूची


**खण्ड १ : एमसिए-नेपाल विकास समितिसम्बन्धी जानकारी** १
१.१ संस्थागत परिचय १
१.२ सञ्चालक समिति १
१.३ सञ्चालक समितिका बैठक : प्रमुख झलकहरू १
१.४ साङ्गठनिक संरचना ३
**खण्ड २ : आयोजनाहरू** ४
२.१ विद्युत् प्रसारण आयोजना (Electricity Transmission Project – ETP) ४
२.१.१ वातावरणीय प्रभाव मूल्याङ्कन ४
२.१.२ प्रसारण लाइनसम्बन्धी गतिविधि ५
२.१.३ सब-स्टेशनसम्बन्धी गतिविधि ६
२.१.४ ऊर्जा क्षेत्र प्राविधिक सहयोगसम्बन्धी गतिविधि ६
२.२ सडक मर्मतसम्भार आयोजना (Road Maintenance Project – RMP) ६
**खण्ड ३ : वित्तीय विवरण** ८-१०

# खण्ड १ : एमसिए-नेपाल विकास समितिसम्बन्धी जानकारी

## १.१ संस्थागत परिचय

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल) अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) बाट प्राप्त अनुदान तथा नेपाल सरकारको लगानीबाट बनेको ६३ करोड अमेरिकी डलरको कार्यक्रमको व्यवस्थापनका लागि विकास समिति ऐन, २०१३ अन्तर्गत स्थापना गरिएको नेपाल सरकारको एक निकाय हो। कम्प्याक्टको उद्देश्य लगानी अभिवृद्धि तथा आर्थिक वृद्धिलाई तीव्रता प्रदान गर्नमा सघाउन विद्युत्को उपलब्धता र भरपर्दोपनामा वृद्धि गर्नु, सडकको गुणस्तर कायम राख्नु तथा नेपाल र यस क्षेत्रबीच ऊर्जा व्यापार सहजीकरण गर्नु हो। कम्प्याक्ट अन्तर्गत राष्ट्रिय गौरवको आयोजना विद्युत् प्रसारण आयोजना (ईटीपी) र सडक मर्मतसम्भार आयोजना (आरएमपी) गरी दुई वटा आयोजना कार्यान्वयन गरिनेछ।

## १.२ सञ्चालक समिति

एमसिए-नेपाल सञ्चालनका लागि गठित सञ्चालक समितिको अध्यक्षता अर्थ मन्त्रालयका सचिवबाट हुन्छ। सञ्चालक समितिका अन्य सदस्यहरूमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सह-सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सह-सचिव, नेपाल विद्युत् प्राधिकरणका व्यवस्थापन निर्देशक हुनुहुन्छ। यसैगरी निजी क्षेत्रका एक जना प्रतिनिधि र नागरिक समाजका एक जना प्रतिनिधि पनि सञ्चालक समितिको सदस्यका रूपमा हुनुहुन्छ भने एमसिए-नेपालका कार्यकारी निर्देशक सदस्य-सचिव हुनुहुन्छ।

| नाम | पद | सञ्चालक समितिमा पद |
|---|---|---|
| डा. राजन खनाल | सचिव, अर्थ मन्त्रालय | अध्यक्ष |
| श्री गोपाल प्रसाद सिग्देल | सह-सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| श्री नविन राज सिंह | सह-सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सदस्य |
| श्री कुलमान घिसिङ | कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण | सदस्य |
| श्री कुमार पाण्डे | कार्यकारी अध्यक्ष, नेशनल हाइड्रोपावर कम्पनी | सदस्य (प्रतिनिधि, निजी क्षेत्र) |
| श्री प्रतीक प्रधान | प्रधान सम्पादक, बाह्रखरी अनलाइन पत्रिका | सदस्य (प्रतिनिधि, नागरिक समाज, सन् २०१९ मार्च १९ सम्म) |
| श्री खड्ग बहादुर विष्ट | कार्यकारी निर्देशक, एमसिए-नेपाल | सदस्य-सचिव |

## १.३ सञ्चालक समितिका बैठक : प्रमुख झलकहरू

आर्थिक वर्ष २०७५/०७६ (सन् २०१८ जुलाई १७ देखि सन् २०१९ जुलाई १६ सम्म) मा ११ वटा सञ्चालक समिति बैठक आयोजना गरियो। ती बैठकका कार्यसूची तथा निर्णयहरू तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ :

| सञ्चालक समितिको बैठक सङ्ख्या | मिति | प्रमुख कार्यसूची |
|---|---|---|
| दोस्रो बैठक | २०७५ साउन १८ | १. कार्यकारी निर्देशकको नियुक्तिका लागि नियुक्ति मापदण्ड स्वीकृत,<br>२. एमसिए-नेपाल कर्मचारी प्रशासन विनियमावली, २०७५ स्वीकृत,<br>३. विद्युत् प्रसारण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गर्न अनुरोध,<br>४. नेपाल सरकारबाट उपलब्ध लगानीमध्येको बजेट स्वीकृत। |
| तेस्रो बैठक | २०७५ भदौ १९ | १. कर्मचारी सम्झौतासम्बन्धी फारम स्वीकृत,<br>२. नेपाल सरकारबाट हुने लगानीका साथै एमसीसी कम्प्याक्टबाट प्राप्त हुने अनुदानमध्येबाट सन् २०१८ जुलाईदेखि सन् २०१९ सेप्टेम्बरसम्मको अवधिका लागि एमसिए-नेपालको एकीकृत वार्षिक बजेट स्वीकृत,<br>३. एमसिए-नेपालको छाप स्वीकृत,<br>४. खरिद योजना भर्सन २.८ र खरिद योजना भर्सन २.८ मा गर्नुपर्ने संशोधनमा सामग्री व्यवस्थापन सूचना प्रणाली र सम्बन्धित सेवालाई समाविष्ट गर्न स्वीकृति। |
| चौथो बैठक | २०७५ असोज ७ | १. मिलेनियम च्यालेञ्ज कर्पोरेशनसँग "कार्यक्रम कार्यान्वयन सम्झौताबारे छलफल गर्न तथा त्यसलाई अन्तिम रूप प्रदान गर्नका लागि अर्थ मन्त्रालयलाई सुझाव दिन र दस्तावेजको समीक्षा गर्न एक समिति गठन गर्ने निर्णय। |
| पाँचौं बैठक | २०७५ मार्ग ११ | १. एमसिए-नेपालका कार्यकारी निर्देशकको नियुक्तिका साथै विभिन्न पदका लागि छनोट मापदण्ड र छनोट प्रक्रियासम्बन्धी निर्णय। |
| छैठौं बैठक | २०७५ पुस १३ | १. मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपालका कार्यकारी निर्देशक तथा अन्य कर्मचारीहरूको नियुक्ति। |
| सातौं बैठक | २०७५ पुस २९ | १. एमसिए-नेपालका सूचना प्रविधि विज्ञ-सफ्टवेयर तथा हार्डवेयर, सञ्चार विज्ञ, वित्त विज्ञ आदि विभिन्न पदका लागि छनोट मापदण्ड र छनोट प्रक्रियासम्बन्धी निर्णय। |

| | | |
|---|---|---|
| आठौँ बैठक | २०७५ माघ २५ | १. एमसिए-नेपालका उप-कार्यकारी निर्देशक, -व्यवस्थापन, उप-कार्यकारी निर्देशक-आयोजना कार्यान्वयन आदि विभिन्न पदका लागि व्यवस्थापन छनोट मापदण्ड र छनोट प्रक्रियासम्बन्धी निर्णय । |
| नवौँ बैठक | २०७५ फागुन १९ | १. एमसिए-नेपालका प्रमुख कानुन अधिकृत, आयोजना व्यवस्थापक-प्रसारण लाइन, गुणस्तर व्यवस्थापक - सामाजिक समावेशीकरण/पुनर्वास आदि विभिन्न पदका लागि छनोट मापदण्ड र छनोट प्रक्रियासम्बन्धी निर्णय,<br>२. एमसिए-नेपालको सङ्गठनात्मक संरचना तथा अन्य कर्मचारीका पदहरूको योग्यता मापदण्ड स्वीकृत,<br>३. एमसिए-नेपालको आन्तरिक कार्यसञ्चालनसम्बन्धी विनियमावली (सञ्चालन विनियमावलीहरू) स्वीकृत । |
| दशौँ बैठक | २०७५ चैत १७ | १. अफिस अफ द मिलेनियम च्यालेञ्ज नेपालद्वारा हस्ताक्षर गरिएको वस्तुपरक सम्झौता (खरिद एजेण्ट सम्झौता, वित्तीय एजेण्ट सम्झौता तथा बैङ्क एवं वित्तीय सेवासम्बन्धी सम्झौता) सम्बन्धी जिम्मेवारी एमसिए-नेपाललाई दिन स्वीकृति,<br>२. नागरिक समाजका प्रतिनिधित्व गर्दै सञ्चालक समितिमा रहनुभएका सदस्यबाट दिइएको राजीनामा स्वीकृत,<br>३. नागरिक समाज तथा निजी क्षेत्रबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरूको छनोटका लागि छनोट प्रक्रिया स्वीकृत,<br>४. एमसिए-नेपालका लागि थप पदहरूका लागि योग्यता मापदण्ड स्वीकृत । |
| एघारौँ बैठक | २०७६ वैशाख १५ | १. प्रमुख वित्तीय अधिकृतको पदका लागि छनोट मापदण्ड स्वीकृत, उम्मेद्वारहरूसँग छलफल प्रारम्भ गर्नका लागि नयाँ समितिलाई अधिकार प्रदान, छनोट भएका उम्मेद्वारहरूको सूचीलाई अन्तिम रूप प्रदान । |
| बाह्रौँ बैठक | २०७६ असार ६ | १. आयोजना सहयोग सम्झौतामा हस्ताक्षर गर्नका लागि सहजकर्ताका रूपमा भूमिका निर्वाह गर्न सम्बन्धित सञ्चालक समितिका सदस्यलाई स्वीकृति प्रदान,<br>२. मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) सँग छलफलका लागि तयार गरिएको आयोजना कार्यान्वयन सम्झौता (पीआईए) सम्बन्धी समितिद्वारा प्रतिवेदन प्रस्तुत,<br>३. खरिद योजनामा गरिएको संशोधनप्रति स्वीकृति प्रदान तथा फलिङ वेट डिफ्लेक्टो मिटर (एफडब्लूडी) खरिदका लागि आह्वान गरिएको बोलपत्रमा सफल भएका बोलपत्रदाताबाट सो सामान खरिद गर्नका लागि प्रस्तुत गरिएको सिफारिशलाई स्वीकृति प्रदान । |





*एमसिए-नेपालका कार्यकारी निर्देशकका रूपमा श्री खड्ग बहादुर विष्टलाई २०७५ साल माघ २८ गते स्वागत गर्नुहुँदै एमसीसीका आवासीय राष्ट्रिय निर्देशक श्री ट्रोय कोफ्रोथ ।*



*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट आफ्नो कार्यालयमा पहिलो दिन २०७५ साल माघ २८ गते कार्यभार सम्हाल्नुहुँदै ।*

## १.३ साङ्गठनिक संरचना



## खण्ड २ : आयोजनाहरू

### २.१ विद्युत् प्रसारण आयोजना (ETP)

विद्युतीय अपर्याप्तताबाट पीडित दक्षिण एसियाका केही राष्ट्रमध्ये एउटा नेपाल पनि हो । नेपालको पावर ग्रिड राष्ट्रको भावी विद्युतीय मागमध्ये आधाका लागि मात्र पर्याप्त छ । विद्युत् प्रसारण आयोजना राष्ट्रिय ग्रिडमा विद्युत्को उपलब्धता र भरपर्दोपनामा सुधार गरी आन्तरिक विद्युत् उपभोगमा वृद्धि गर्न, थप भरपर्दो विद्युत् उपलब्धताको परिणामस्वरूप आर्थिक लगानीमा वृद्धि ल्याउन तथा ऊर्जाको निकासीबाट राष्ट्रिय सरकारी राजस्वमा वृद्धि गर्नका लागि तयार गरिएको हो । राष्ट्रिय गौरवको आयोजना विद्युत् प्रसारण आयोजना अन्तर्गत ३१४ किमि लामो ४०० केभि विद्युत् प्रसारण लाइन र तीन वटा सब-स्टेशन निर्माण गरिनेछ भने नेपालको ऊर्जा क्षेत्रका लागि प्राविधिक सहयोग उपलब्ध गराइनेछ । प्रसारण लाइन र यसको क्षमता नेपालको स्वीकृत प्रसारण गुरुयोजनामा आधारित छ ।

### *२.१.१ वातावरणीय प्रभाव मूल्याङ्कन*

विद्युत् प्रसारण आयोजनाबाट वातावरण (भौतिक, जैविक तथा सामाजिक-आर्थिक तथा सांस्कृतिक) मा पर्ने प्रभावको मूल्याङ्कन गर्न तथा सकारात्मक प्रभाव अभिवृद्धि गर्नुका साथै नकारात्मक प्रभावलाई न्यूनीकरण गर्नका लागि उचित उपाय अपनाउन नेपाल सरकारको वातावरण ऐन तथा नियमावली अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गरिँदैछ । यस आयोजनाबाट तीन वटा प्रदेश, १० वटा जिल्ला, एउटा उप-महानगरपालिका, ११ वटा नगरपालिका तथा १८ वटा गाउँपालिका प्रभावित हुनेछन् । ती क्षेत्रका ११२ सामुदायिक वन तथा आठ वटा कबुलियती वन यस आयोजनाबाट प्रभावित हुनेछन् । प्रसारण लाइन मार्गमा पर्ने करिब ५०% वन/सरकारी जग्गामा पर्दछ । रातमाटे सब-स्टेशनका लागि करिब १९.७९ हेक्टर भूमि आवश्यक पर्नेछ भने टावरको जगका लागि करिब ७८.५ हेक्टर तथा भोगाधिकार क्षेत्रका लागि करिब १,३५९ हेक्टर भूमि आवश्यक पर्नेछ। यसको भोगाधिकार क्षेत्रमा करिब १५० वटा घरआँगन पर्दछन् । प्रसारण लाइन मार्गमा पर्ने एउटा पाराग्लाइडिङ केन्द्र र रातमाटे सब-स्टेशनका लागि प्रस्तावित भूमिमा रहेको एउटा इँटाभट्टालाई स्थानान्तरण गर्नुपर्नेछ । सब-स्टेशन निर्माण गतिविधिबाट करिब पाँच सय व्यक्ति प्रभावित हुने अनुमान गरिएको छ । रातमाटे सब-स्टेशन क्षेत्रमा पर्ने करिब ३० घरपरिवारलाई स्थानान्तरण गर्नुपर्नेछ । प्रसारण लाइनबाट प्रभावित हुने व्यक्तिको विवरण सङ्कलन कार्य जारी छ ।

*वर्तमान प्रगति :*

- आयोजनाबाट प्रभावित हुने ३१ वटा नगरपालिका तथा गाउँपालिकामा वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी क्षेत्र निर्धारण भेला सन् २०१८ को सेप्टेम्बरदेखि अक्टोबरबीचको अवधिमा आयोजना गरिएको थियो । नेपालका कुनै पनि आयोजनाका सन्दर्भमा सम्पन्न गरिएको यो सबैभन्दा धेरै क्षेत्र निर्धारण भेला हो ।
- वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी क्षेत्र निर्धारण र शर्तनामा (ToR) वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गरिएको थियो ।
- वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी आधारभूत सर्वेक्षणहरू गरिएका थिए ।
- वातावरणीय प्रभाव मूल्याङ्कनबाट पत्ता लागेका प्रारम्भिक तथ्यहरू तथा प्रसारण लाइन मार्ग रेखाङ्कनसम्बन्धमा छलफल गर्नका लागि सन् २०१९ को जुनमा प्रभावित हुने नगरपालिकाहरूमा नगरपालिकास्तरीय परामर्श बैठकहरू आयोजना गरिएको थियो ।



*पाल्पा जिल्लाको निस्दी गाउँपालिकामा विद्युत् प्रसारण आयोजनाको वातावरण प्रभाव मूल्याङ्कनसम्बन्धी क्षेत्र निर्धारण भेला २०७५ साल असोज २३ गते सञ्चालन गरिँदै ।*



*विद्युत् प्रसारण आयोजनासम्बन्धी आधारभूत सर्वेक्षणका लागि २०७५ साल माघ ११ गते नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकाका महिलाहरूसँग समूहकेन्द्रित छलफल सञ्चालन गर्दै।*

## २.१.२ प्रसारण लाइनसम्बन्धी गतिविधि

प्रसारण लाइनसम्बन्धी गतिविधि नेपालमा करिब ३१४ किमि लामो उच्च भोल्टेजयुक्त प्रसारण लाइन निर्माणमा केन्द्रित हुनेछ। यो लम्बाइ भनेको नेपालको कुल लम्बाइको एक तिहाइ बराबर हुन आउँछ। यस क्रममा एमसिए-नेपाल साझेदारी कार्यक्रम (MCA Parternship Program– MPP) अन्तर्गत गैरग्रिड समाधानका माध्यमबाट लक्षित ग्रामीण विद्युतीकरण पहल तथा सामुदायिक सशक्तीकरण कार्यक्रम सहितका क्रियाकलापलाई पनि यसले सहयोग गर्नेछ।

*वर्तमान प्रगति :*

- नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा नयाँ बुटवल सब-स्टेशन नजिकैको प्रसारण लाइन मार्ग तय गरिएको छ।
- आवश्यक टावरको सङ्ख्या पहिचान गरिएको छ र यो सङ्ख्या करिब ८५९ हुने अनुमान गरिएको छ।
- भू-प्राविधिक अनुसन्धान सम्पन्न भइसकेको छ भने प्रसारण लाइनको प्रसारणमार्गको रेखाङ्कन (Transmission Line Route Alignment) तय गरिसकिएको छ।
- धरातलीय सर्वेक्षण तथा किलो गाड्ने (Pegging) कार्य जारी रहेको छ । यस कार्य थालिएपछि केही स्थानीय वासिन्दाबाट केही टावरलाई अन्यत्र सार्न अनुरोध प्राप्त भएका छन्।
- प्रसारण लाइनको विस्तृत डिजाइन बुझाइसकिएको छ भने यससम्बन्धमा प्राप्त चासोहरूको सम्बोधन एमसिए-नेपालले गर्दैछ।
- प्राविधिक विवरण, बोलपत्रसम्बन्धी कागजपत्रहरू तथा लागत अनुमानहरूसम्बन्धी तयारी प्रक्रिया जारी छ।



*प्रसारण लाइनको टावर निर्माण गरिने क्षेत्रमा पर्ने धादिङ्ग जिल्लाको बेनिघाट-५ मा २०७५ साल फागुन १५ गते माटो परीक्षण गर्दै।*

### २.१.३ सब-स्टेशनसम्बन्धी गतिविधि

यस गतिविधि अन्तर्गत तीन वटा सब-स्टेशन निर्माण गरिनेछ । यी सब-स्टेशनले विद्युत् उत्पादन गर्ने विभिन्न आयोजनाका लागि विद्युत् सङ्कलन केन्द्रका रूपमा काम गर्नुका थप उपभोक्ताहरूबीच विद्युत् वितरण गर्न वा थप प्रसारणका लागि ऊर्जालाई एउटा भोल्टेजबाट अर्को भोल्टेजमा रूपान्तरण गर्न सहयोग गर्नेछन् । सब-स्टेशनहरू रातमाटे, दमौलि र नयाँ बुटवलमा निर्माण गरिनेछन् । बुटवल नजिकैको रामनगरमा निर्माण गरिने नयाँ बुटवल सब-स्टेशन भारतसँगको विद्युतीय व्यापारलाई सहजीकरण गर्ने दोस्रो सीमापार प्रसारण लाइनको प्रारम्भ बिन्दु हुनेछ ।

*वर्तमान प्रगति :*

रातमाटे सब-स्टेशन :

- सब-स्टेशनको प्रारूपलाई अन्तिम रूप प्रदान गरिएको छ;
- जग्गामा चिन्हो लगाउनका लागि दफा ६ अनुसारको सूचना प्रकाशित गरिएको छ;
- सीमामा किलो गाड्ने तथा भू-सर्वेक्षण योजना कार्यान्वयन भइरहेको छ;
- पुनःवास कार्ययोजनासम्बन्धी सर्वेक्षण योजनालाई अन्तिम रूप प्रदान गरिएको छ;
- स्थलगत सर्वेक्षण २०७६ साल भदौ ३० देखि प्रारम्भ गर्ने लक्ष्य लिइएको छ;
- नुवाकोट जिल्लामा सरोकारवालाहरूसँगको परामर्श कार्यक्रम २०७६ साल साउन २ गते आयोजना गर्ने योजना बनाइएको छ ।

दमौली सब-स्टेशन :

- नेपाल विद्युत् प्राधिकरण सब-स्टेशनका लागि आवश्यक जग्गा प्राप्ति प्रक्रियाको अन्तिम चरणमा छ ।

### २.१.४ ऊर्जा क्षेत्र प्राविधिक सहयोगसम्बन्धी गतिविधि

कम्प्याक्टबाट उपलब्ध गराइने ऊर्जा क्षेत्र प्राविधिक सहयोगले विद्युत् नियमन आयोगन तथा नेपाल विद्युत् प्राधिकरणसहित नेपालको ऊर्जा क्षेत्रका संस्थाहरूको कार्यसम्पादनलाई सदृढीकरण गर्न सहयोग गर्नेछ । नवस्थापित स्वतन्त्र विद्युत् क्षेत्र नियमनकर्तालाई सघाउनुका साथै नेपालको ऊर्जा क्षेत्रमा पारदर्शिता, कुशलता तथा प्रतिस्पर्धा कायम गराउन प्राविधिक सहयोग प्रदान गर्ने यसको उद्देश्य रहेको छ । नियम तर्जुमा, विवाद समाधान तथा आर्थिक एवं प्राविधिक नियमन जस्ता क्षेत्रमा विद्युत् नियमन आयोग (ईआरसी) को सीपमा सुधार गर्न उक्त निकायमा विशेषज्ञ उपलब्ध गराउनका लागि कम्प्याक्ट अनुदान प्रयोग गरिनेछ भने निम्नलिखित प्रमुख उद्देश्यहरू हासिल गर्नका लागि पनि सहयोग गरिनेछ ः

- नेपालको ऊर्जा क्षेत्रमा आवश्यक सीप तथा साधनसहितको प्रभावकारी कार्यान्वयनकारी निकायका रूपमा विद्युत् नियमन आयोगलाई स्थापना गर्ने;
- भुक्तानी क्षमता तथा पहुँच सुनिश्चित गर्नका लागि शुल्क निर्धारण विधिमा सामाजिक समता विकास गर्ने तथा सिफारिश गर्ने;
- स्थिर, पारदर्शी तथा सशक्त शुल्क निर्धारण प्रक्रियाका लागि ऊर्जा क्षेत्रको वित्तीय कार्यक्षमता विकासमा सघाउने;
- उपभोक्ता सेवा मापदण्ड निर्माण तथा अनुगमनका लागि सघाउनुका साथै सुधारिएको प्राविधिक कार्यसम्पादनका लागि कार्यसम्पादन र नियमनकारी परिणामबीच सम्बन्ध स्थापना गर्न सहयोग गर्ने;
- बढ्दो प्रतिस्पर्द्धा, थप सशक्त क्षेत्रगत योजना तर्जुमा एवं वृद्धि तथा प्रभावकारी ऊर्जा व्यापारलाई प्रोत्साहित गर्ने नीति एवं नियमनका माध्यमबाट नेपालको ऊर्जा क्षेत्रको सम्भाव्यतामा अभिवृद्धि गर्न विद्युत् नियमन आयोगलाई सहयोग उपलब्ध गराउने;
- प्रमुख नियमनकारी संरचनाहरूमा उच्च मापदण्ड स्थापना गर्न विद्युत् नियमन आयोगलाई सघाउने ।

नेपाल विद्युत् प्राधिकरणलाई उपलब्ध गराइने प्राविधिक सहयोग सञ्जाल विकास, कार्यसम्पादन तथा मर्मतसम्भार अभ्यासलाई सशक्तीकरण गर्न प्रसारण व्यवसायका लागि परिमार्जित प्रक्रिया तथा निर्णय संरचना स्थापना गर्नमा केन्द्रित हुनेछ ।

*वर्तमान प्रगति :*

*नेपाल विद्युत् प्राधिकरणलाई प्राविधिक सहयोग :*

- नेपाल विद्युत् प्राधिकरणको प्राविधिक तथा व्यवस्थापकीय क्षमता विकास गर्न प्राविधिक सहयोगका लागि क्षेत्र तथा कार्य पहिचान गर्ने सिफारिश प्रतिवेदन तयार गर्नुका साथै विद्युत् प्रसारण आयोजनाका कारण बढेको ऊर्जा प्रवाह अनुरूप काम गर्नका लागि अपर्याप्त प्रसारण सञ्जाल क्षमतासँग जोडिएका जोखिमको मूल्याङ्कन गर्न आवश्यकता मूल्याङ्कन कार्य भइरहेको छ;
- प्रणालीसम्बन्धी योजना तर्जुमा, सञ्जाल विकास, सम्पत्ति व्यवस्थापन, प्रणालीसम्बन्धी कार्यसम्पादन, बजारसम्बन्धी कार्यसम्पादन, क्षेत्रगत वित्तीय व्यवस्था तथा सामग्री व्यवस्थापनसँग सम्बन्धित विषयहरूमा छलफल गर्न कार्यशालाहरू आयोजना गर्ने योजना तर्जुमा भइरहेको छ ।

*विद्युत् नियमन आयोगलाई प्राविधिक सहयोग :*

- विद्युत् नियमन आयोगका क्रियाकलापहरूलाई सघाउन, नियमनसम्बन्धी जोखिम तथा अवसरसम्बन्धी विश्लेषण तयार गर्न एवं नियमनकारी कार्यका लागि नेपाल विद्युत् प्राधिकरणको कटिबद्धताबारे जानकारी हासिल गर्नका लागि आवश्यकता मूल्याङ्कन कार्य भइरहेको छ ।
- विद्युत् नियमन आयोग तथा नेपाल विद्युत् प्राधिकरणलाई उपलब्ध गराइने प्राविधिक सहयोगका क्रियाकलाप तथा क्षेत्रहरू निर्धारण गरेर परामर्शदाताबाट प्राप्त प्राविधिक सहयोग सिफारिश प्रतिवेदनका आधारमा काठमाडौँ र दिल्लीमा आउटरिच कार्यक्रमहरू आयोजना गरिँदैछ ।

## २.२ सडक मर्मतसम्भार आयोजना (RMP)

सडकको न्यून गुणस्तर, न्यून प्रभावकारी ढुवानी सेवा तथा अपर्याप्त सडक विस्तारका कारण नेपालको व्यापार तथा व्यवसायले उच्च यातायात लागत व्यहोर्न परिरहेको छ । अपर्याप्त साधनस्रोत तथा अन्तरराष्ट्रिय उत्कृष्ट अभ्याससँग नमिल्ने खालका अभ्यासहरूका कारण सडक मर्मतसम्बन्धी प्रयास प्रभावकारी हुन सकेको छैन । सडक मर्मतसम्भार आयोजनाले रणनैतिक सडक सञ्जालमा रहेका सडकको गुणस्तर कायम गर्ने, सडक मर्मतसम्भार

खर्च न्यूनीकरण गर्ने, यातायात लागत घटाउन तथा व्यावसायिक गतिविधिमा वृद्धिका लागि प्रोत्साहन गर्नका लागि सडक गुणस्तरमा सुधार गर्ने लक्ष्य लिएको छ। सडक मर्मतसम्भार आयोजनाले नेपालको रणनैतिक सडक सञ्जालमध्ये बढीमा ३०५ किमि सडक खण्डको मर्मत सम्भारसम्बन्धी विद्यमान अभ्यासमा सुधार गर्नेछ भने सडक विभाग तथा रोड बोर्ड नेपाललाई प्राविधिक सहायता उपलब्ध गराउनेछ। मर्मतसम्भार पहल अन्तर्गत पेटी सुधार विधि तथा सुरक्षा अभिवृद्धिसम्बन्धी कार्यहरू समेटिनेछन्।

*वर्तमान प्रगति :*

- सडक विभाग तथा सडक बोर्ड नेपाल (आरबीएन), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, यातायात व्यवस्था विभाग, विश्व बैङ्क, एसियाली विकास बैङ्क, डीअफआईडी, जाइका, नेपाल इञ्जिनियर्स एशोसियसनका प्रतिनिधिहरूको अपेक्षित सहभागितामा सडक मर्मत आयोजना थालनी भेला चाँडै नै आयोजना गर्ने तयारी भइरहेको छ। सहभागीहरूलाई सडकमै विद्यमान सामग्रीको पुनःप्रयोगको सिद्धान्तमा आधारित फूल डेप्थ रिक्लेमेशन (एफडीआर) तथा सुपरपेभ आस्फाल्ट कङ्क्रिट जस्ता सडक सुधारका नयाँ प्रविधिबारे जानकारी गराइनेछ।
- नमुना आयोजनाको पूर्ण लम्बाइसम्बन्धी विस्तृत मूल्याङ्कन सम्पन्न भइसकेको छ भने यस सम्बन्धी प्रतिवेदन सडक विभाग एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमक्ष प्रस्तुत गरिसकिएको छ।
- भविष्यमा उपलब्ध हुने आपूर्ति अवसरका सम्बन्धमा सम्भावित निर्माण तथा सेवा प्रदायक संस्थाहरूलाई जानकारी प्रदान गर्नका लागि सन् २०१९ को अगष्टमा काठमाडौँमा र सन् २०१९ को नोभेम्बरमा दिल्लीमा आउटरिच कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको छ।
- सडक विभाग तथा रोड बोर्ड नेपालसँग गरिने आयोजना सहयोग सम्झौतासम्बन्धी तयारी अन्तिम चरणमा रहेको छ।

## खण्ड ३ : वित्तीय विवरण

नेपाल सरकारको महालेखापरीक्षकको कार्यालयले संवैधानिक निकायका रूपमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समितिको लेखापरीक्षण गर्दछ। जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयले आव २०७४/०७५ को वित्तीय कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरिसकेको छ।

आ.व. २०७४/०७५ को सङ्क्षिप्त व्यय विवरण निम्नानुसार रहेको छ :

(नेरुमा)

| | नेपाल सरकार | एमसीसी | कुल |
|---|---|---|---|
| **आयोजना गतिविधिका आधारमा खर्च** | | | |
| *विद्युत् प्रसारण आयोजना* | - | ५५,३६,६२,६५२ | ५५,३६,६२,६५२ |
| *सडक मर्मतसम्भार आयोजना* | - | - | - |
| *अनुगमन तथा मूल्याङ्कन* | - | - | - |
| *कार्यक्रम व्यवस्थापन* | ९३,९६,५०२ | ३३,५४,२६,१२० | ३४,४८,२२,६२२ |
| **कुल** | **९३,९६,५०२** | **८८,९०,८८,७७२** | **८९,८४,८५,२७४** |
| | | | |
| **चालू/पुँजीगतका आधारमा खर्च** | | | |
| चालू खर्च | ४८,६८,५६९ | ३१,४६,३२,४७५ | ३१,९५,०१,०४४ |
| पुँजीगत खर्च | ४५,२७,९३४ | ५७,४४,५६,२९७ | ५७,८९,८४,२३० |
| **कुल** | **९३,९६,५०२** | **८८,९०,८८,७७२** | **८९,८४,८५,२७४** |

जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयसमक्ष प्रस्तुत गरिएको आव २०७४/०७५ को विस्तृत प्रतिवेदन निम्नानुसार रहेको छ :

नेपाल सरकार

अर्थ मन्त्रालय

## मिलेनियम च्यालेन्ज नेपालको कार्यालय

आ.व. २०७५/७६ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण

बजेट अनुदान वा उपशीर्षक नम्बर ३०५११२-३

बजेट शीर्षक वा उपशीर्षकको नाम: चालु

| खर्च शिर्षक/ बजेट संकेत नं | खर्च/विनियोजन शिर्षक | मूल विनियोजित बजेट: नेपाल सरकार | मूल विनियोजित बजेट: वैदेशिक अनुदान एम.सि.ए सहायता (सोझो भुक्तानी) | मूल विनियोजित बजेट: जम्मा | पुरक बजेट बाट: थप | पुरक बजेट बाट: घट | रकमान्तर बाट: थप | रकमान्तर बाट: घट | स्रोतान्तर बाट: थप | स्रोतान्तर बाट: घट | अन्तिम बजेट: नेपाल सरकार | अन्तिम बजेट: वैदेशिक अनुदान एम.सि.ए सहायता (सोझो भुक्तानी) | अन्तिम बजेट: जम्मा | निकासा: नेपाल सरकार | निकासा: वैदेशिक अनुदान एम.सि.ए सहायता (सोझो भुक्तानी) | निकासा: जम्मा | खर्च: नेपाल सरकार | खर्च: वैदेशिक अनुदान एम.सि.ए सहायता (सोझो भुक्तानी) | खर्च: जम्मा | बाँकी: नेपाल सरकार: निकासा | बाँकी: नेपाल सरकार: बजेट | बाँकी: वैदेशिक अनुदान एम.सि.ए सहायता (सोझो भुक्तानी): निकासा | बाँकी: वैदेशिक अनुदान एम.सि.ए सहायता (सोझो भुक्तानी): बजेट | बाँकी: जम्मा: निकासा | बाँकी: जम्मा: बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ३+४=५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १२+१३=१४ | १५ | १६ | १५+१६=१७ | १८ | १९ | १८+१९=२० | २१ | २२ | २३ | २४ | २१+२३=२५ | २२+२४=२६ | २७ |
| २१११९ | अन्य भत्ता | ८००००००.०० | ०.०० | ८००००००.०० | | | | | | | ८००००००.०० | ०.०० | ८००००००.०० | ०.०० | | ०.०० | ०.०० | ०.०० | ०.०० | ८००००००.०० | ८००००००.०० | ०.०० | ०.०० | ८००००००.०० | ८००००००.०० | |
| २२१११ | पानी तथा विजुली | १८०००००.०० | ०.०० | १८०००००.०० | | | | | | | १८०००००.०० | ०.०० | १८०००००.०० | ४४६८०.८२ | | ४४६८०.८२ | ४४६८०.८२ | ०.०० | ४४६८०.८२ | १७५५३१९.१८ | १७५५३१९.१८ | ०.०० | ०.०० | १७५५३१९.१८ | १७५५३१९.१८ | |
| २२११२ | सञ्चार महशुल | ८१०००००.०० | ०.०० | ८१०००००.०० | | | | | | | ८१०००००.०० | ०.०० | ८१०००००.०० | ८१४०२.०० | | ८१४०२.०० | ८१४०२.०० | ०.०० | ८१४०२.०० | ८०१८५९८.०० | ८०१८५९८.०० | ०.०० | ०.०० | ८०१८५९८.०० | ८०१८५९८.०० | |
| २२१२१ | घर भाडा | २४०००००.०० | ०.०० | २४०००००.०० | | | | | | | २४०००००.०० | ०.०० | २४०००००.०० | ४६७११६.०० | | ४६७११६.०० | ४६७११६.०० | ०.०० | ४६७११६.०० | १९३२८८४.०० | १९३२८८४.०० | ०.०० | ०.०० | १९३२८८४.०० | १९३२८८४.०० | |
| २२२११ | इन्धन | १३०००००.०० | ०.०० | १३०००००.०० | | | | | | | १३०००००.०० | ०.०० | १३०००००.०० | १४४९०५.०० | | १४४९०५.०० | १४४९०५.०० | ०.०० | १४४९०५.०० | ११५५०९५.०० | ११५५०९५.०० | ०.०० | ०.०० | ११५५०९५.०० | ११५५०९५.०० | |
| २२२१२ | सञ्चालन तथा मर्मत सम्भार | १५०००००.०० | ०.०० | १५०००००.०० | | | | | | | १५०००००.०० | ०.०० | १५०००००.०० | १२६११९.३० | | १२६११९.३० | १२६११९.३० | ०.०० | १२६११९.३० | १३७३८८०.७० | १३७३८८०.७० | ०.०० | ०.०० | १३७३८८०.७० | १३७३८८०.७० | |
| २२२१३ | बिमा | ११०००००.०० | ०.०० | ११०००००.०० | | | | | | | ११०००००.०० | ०.०० | ११०००००.०० | ०.०० | | ०.०० | ०.०० | ०.०० | ०.०० | ११०००००.०० | ११०००००.०० | ०.०० | ०.०० | ११०००००.०० | ११०००००.०० | |
| २२३११ | कार्यालय सम्बन्धि खर्च | १२९०००००.०० | ०.०० | १२९०००००.०० | | | | | | | १२९०००००.०० | ०.०० | १२९०००००.०० | ९२८७९८.६८ | | ९२८७९८.६८ | ९२८७९८.६८ | ०.०० | ९२८७९८.६८ | ११९७१२०१.३२ | ११९७१२०१.३२ | ०.०० | ०.०० | ११९७१२०१.३२ | ११९७१२०१.३२ | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २०००००.०० | ०.०० | २०००००.०० | | | | | | | २०००००.०० | ०.०० | २०००००.०० | ०.०० | | ०.०० | ०.०० | ०.०० | ०.०० | २०००००.०० | २०००००.०० | ०.०० | ०.०० | २०००००.०० | २०००००.०० | |
| २२३२१ | निर्मित सार्वजनीक सम्पतीको मर्मत सम्भार खर्च | १८०००००.०० | ०.०० | १८०००००.०० | | | | | | | १८०००००.०० | ०.०० | १८०००००.०० | ०.०० | | ०.०० | ०.०० | ०.०० | ०.०० | १८०००००.०० | १८०००००.०० | ०.०० | ०.०० | १८०००००.०० | १८०००००.०० | |
| २२४११ | सेवा र परामर्श खर्च | ६१०००००.०० | २०००००००००.०० | २००६१०००००.०० | | | | | | | ६१०००००.०० | २०००००००००.०० | २००६१०००००.०० | २४६०७९३.२२ | ३१४६३२४७५.४९ | ३१७०९३२६८.७१ | २४६०७९३.२२ | ३१४६३२४७५.४९ | ३१७०९३२६८.७१ | ३६३९२०६.७८ | ३६३९२०६.७८ | १६८५३६७५२४.५१ | १६८५३६७५२४.५१ | १६८९००६७३१.२९ | १६८९००६७३१.२९ | |
| २२४१२ | अन्य सेवा शुल्क | १००००००.०० | ०.०० | १००००००.०० | | | | | | | १००००००.०० | ०.०० | १००००००.०० | २४४९१२.०० | | २४४९१२.०० | २४४९१२.०० | ०.०० | २४४९१२.०० | ७५५०८८.०० | ७५५०८८.०० | ०.०० | ०.०० | ७५५०८८.०० | ७५५०८८.०० | |
| २२५११ | कर्मचारी तालिम | ५०००००.०० | ०.०० | ५०००००.०० | | | | | | | ५०००००.०० | ०.०० | ५०००००.०० | २०९०५.०० | | २०९०५.०० | २०९०५.०० | ०.०० | २०९०५.०० | ४७९०९५.०० | ४७९०९५.०० | ०.०० | ०.०० | ४७९०९५.०० | ४७९०९५.०० | |
| २२५२२ | कार्यक्रम खर्च | ३४०००००.०० | ०.०० | ३४०००००.०० | | | | | | | ३४०००००.०० | ०.०० | ३४०००००.०० | ६२५७६.०७ | | ६२५७६.०७ | ६२५७६.०७ | ०.०० | ६२५७६.०७ | ३३३७४२३.९३ | ३३३७४२३.९३ | ०.०० | ०.०० | ३३३७४२३.९३ | ३३३७४२३.९३ | |
| २२६११ | अनुगमन मूल्याङ्कन खर्च | २१०००००.०० | ०.०० | २१०००००.०० | | | | | | | २१०००००.०० | ०.०० | २१०००००.०० | १२०७९.६५ | | १२०७९.६५ | १२०७९.६५ | ०.०० | १२०७९.६५ | २०८७९२०.३५ | २०८७९२०.३५ | ०.०० | ०.०० | २०८७९२०.३५ | २०८७९२०.३५ | |
| २२७११ | विविध खर्च | १००००००.०० | ०.०० | १००००००.०० | | | | | | | १००००००.०० | ०.०० | १००००००.०० | २७४२८०.८३ | | २७४२८०.८३ | २७४२८०.८३ | ०.०० | २७४२८०.८३ | ७२५७१९.१७ | ७२५७१९.१७ | ०.०० | ०.०० | ७२५७१९.१७ | ७२५७१९.१७ | |
| | जम्मा | ४६००००००.०० | २०००००००००.०० | २०४६००००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४६००००००.०० | २०००००००००.०० | २०४६००००००.०० | ४८६८५६८.५७ | ३१४६३२४७५.४९ | ३१९५०१०४४.०६ | ४८६८५६८.५७ | ३१४६३२४७५.४९ | ३१९५०१०४४.०६ | ४११३१४३१.४३ | ४११३१४३१.४३ | १६८५३६७५२४.५१ | १६८५३६७५२४.५१ | १७२६४९८९५५.९४ | १७२६४९८९५५.९४ | |
| | कुल जम्मा | ४६००००००.०० | २०००००००००.०० | २०४६००००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४६००००००.०० | २०००००००००.०० | २०४६००००००.०० | ४८६८५६८.५७ | ३१४६३२४७५.४९ | ३१९५०१०४४.०६ | ४८६८५६८.५७ | ३१४६३२४७५.४९ | ३१९५०१०४४.०६ | ४११३१४३१.४३ | ४११३१४३१.४३ | १६८५३६७५२४.५१ | १६८५३६७५२४.५१ | १७२६४९८९५५.९४ | १७२६४९८९५५.९४ | |

मौज्दातको अवस्था

१. बैंकको नाम र ठेगाना ............

२. बैंक खाता नं.

३. बैंक खाता अनुसार बाँकी रु.......

४. फछ्र्यौट हुन बाँकी पेश्की

५. जम्मा वा भुक्तानी हुन बाँकी चेकको रकम रु ............

क. विगत आर्थिक वर्षसम्मको:

ख. यस आर्थिक वर्षको:

जम्मा रु.

म्याद नाघेको पेश्की रु

म्याद ननाघेको पेश्की रु

तयार गर्नेको सही:
नाम: सागर दाहाल
दर्जा: वित्त व्यवस्थापन
मिति:

पेश गर्नेको सही:
नाम: पुष्पकान्त अधिकारी
दर्जा: प्रमुख वित्त अधिकृत
मिति:

स्वीकृत गर्नेको सही
नाम: खड्ग बहादुर बिष्ट
दर्जा: कार्यकारी निर्देशक
मिति:

कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल बाट प्रमाणित

| बजेट | नेपाल सरकार | एम सि सि सहायता (सोझै भुक्तानी) | जम्मा |
|---|---|---|---|
| वार्षिक बजेट रू | ४६,०००,००० | २,०००,०००,००० | २,०४६,०००,००० |
| निकासा रू | ४,८६८,५६९ | ३१४,६३२,४७५ | ३१९,५०१,०४४ |
| खर्च रू | ४,८६८,५६९ | ३१४,६३२,४७५ | ३१९,५०१,०४४ |
| बाकी रू | ४१,१३१,४३१ | १,६८५,३६७,५२५ | १,७२६,४९८,९५६ |
| पेश्की बाकी रू | | | |
| बेरुजु रू | | | |
| बेरुजु पाना नं | | | |

नेपाल सरकार

अर्थ मन्त्रालय

# मिलेनियम च्यालेन्ज नेपालको कार्यालय

आ.व. २०७५/७६ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण

बजेट अनुदान वा उपशीर्षक नम्बर ३०५१११ ४

बजेट शीर्षक वा उपशीर्षकको नाम: पुँजीगत

| खर्च शीर्षक संकेत नं | खर्च शीर्षक | कुल विनियोजित बजेट: नेपाल सरकार | कुल विनियोजित बजेट: वैदेशिक अनुदान – एम.सि.ए सहायता (सोझै भुक्तानी) | कुल विनियोजित बजेट: जम्मा | [illegible] थप | [illegible] घट | [illegible] थप | [illegible] घट | [illegible] थप | [illegible] घट | अन्तिम बजेट: नेपाल सरकार | अन्तिम बजेट: वैदेशिक अनुदान – एम.सि.ए सहायता (सोझै भुक्तानी) | अन्तिम बजेट: जम्मा | निकासा: नेपाल सरकार | निकासा: वैदेशिक अनुदान – एम.सि.ए सहायता (सोझै भुक्तानी) | निकासा: जम्मा | खर्च: नेपाल सरकार | खर्च: वैदेशिक अनुदान – एम.सि.ए सहायता (सोझै भुक्तानी) | खर्च: जम्मा | बाँकी: नेपाल सरकार – निकासा | बाँकी: नेपाल सरकार – बजेट | बाँकी: वैदेशिक अनुदान एम.सि.ए सहायता (सोझै भुक्तानी) – निकासा | बाँकी: वैदेशिक अनुदान एम.सि.ए सहायता (सोझै भुक्तानी) – बजेट | बाँकी: जम्मा – निकासा | बाँकी: जम्मा – बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ३+४=५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १२+१३=१४ | १५ | १६ | १५+१६=१७ | १८ | १९ | १८+१९=२० | २१ | २२ | २३ | २४ | २१+२३=२५ | २२+२४=२६ | २७ |
| ३११११ | भवन खरिद | १०५०००००००।०० | | १०५०००००००।०० | | | | | | | १०५००००००० ०० | ०।०० | १०५०००००००।०० | | | ०।०० | ०।०० | ०।०० | ०।०० | १०५०००००००।०० | १०५०००००००।०० | ०।०० | ०।०० | १०५०००००००।०० | १०५०००००००।०० | |
| ३११२१ | फर्निचर तथा फिक्स्चर्स | २००००००।०० | | २००००००।०० | | | | | | | २०००००० ०० | ०।०० | २००००००।०० | १३७३४५४१०७ | | १३७३४५४१०७ | १३७३४५४१०७ | ०।०० | १३७३४५४१०७ | १५२६५४५।०३ | १५२६५४५।०३ | ०।०० | ०।०० | १५२६५४५।०३ | १५२६५४५।०३ | |
| ३११२२ | सवारी साधन | ७८००००००।०० | | ७८००००००।०० | | | | | | | ७८०००००० ०० | ०।०० | ७८००००००।०० | १९९८५०।०० | | १९९८५०।०० | १९९८५०।०० | ०।०० | १९९८५०।०० | ७६००१५०।०० | ७६००१५०।०० | ०।०० | ०।०० | ७६००१५०।०० | ७६००१५०।०० | |
| ३११२३ | मेसिनरी तथा औजार | ४८००००००।०० | | ४८००००००।०० | | | | | | | ४८००००००।०० | ०।०० | ४८००००००।०० | ५२००।०० | | ५२००।०० | ५२००।०० | ०।०० | ५२००।०० | ४७९४८००।०० | ४७९४८००।०० | ०।०० | ०।०० | ४७९४८००।०० | ४७९४८००।०० | |
| ३११५१ | सार्वजनिक निर्माण | १८००००००।०० | ३००००००००००।०० | ३०१८००००००००।०० | | | | | | | १८००००००० ०० | ३००००००००००।०० | ३०१८००००००००।०० | २९४७३२२५९ | ५७४४५६२९६।७३ | ५७७४०३१९०।३२ | २९४७३२२५९ | ५७४४५६२९६।७३ | ५७७४०३१९०.३२ | १५०५२६७७४१ | १५०५२६७७४१ | २४२५५४३७०३।२७ | २४२५५४३७०३।२७ | २४४०५९६३८०।५८ | २४४०५९६३८०।५८ | |
| ३११७१ | अध्ययन निर्माण तथा खरिद | १५००००००।०० | | १५००००००।०० | | | | | | | १५०००००० ०० | ०।०० | १५००००००।०० | २१०६।०० | | २१०६।०० | २१०६।०० | ०।०० | २१०६।०० | १४९७८९४।०० | १४९७८९४।०० | ०।०० | ०।०० | १४९७८९४।०० | १४९७८९४।०० | |
| | जम्मा | १९९४००००००।०० | ३००००००००००।०० | ४९९४००००००।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | १९९४००००००।०० | ३००००००००००।०० | ४९९४००००००।०० | ४५२७९३३५६ | ५७४४५६२९६।७३ | ५७८९८४२३०।२९ | ४५२७९३३५६ | ५७४४५६२९६।७३ | ५७८९८४२३०।२९ | १९८९४७२०६६।४४ | १९८९४७२०६६।४४ | २४२५५४३७०३।२७ | २४२५५४३७०३।२७ | ४४१५०१५७७०।७१ | ४४१५०१५७७०।७१ | |
| | कुल जम्मा | १९९४००००००।०० | ३००००००००००।०० | ४९९४००००००।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | १९९४००००००।०० | ३००००००००००।०० | ४९९४००००००।०० | ४५२७९३३५६ | ५७४४५६२९६।७३ | ५७८९८४२३०।२९ | ४५२७९३३५६ | ५७४४५६२९६।७३ | ५७८९८४२३०।२९ | १९८९४७२०६६।४४ | १९८९४७२०६६।४४ | २४२५५४३७०३।२७ | २४२५५४३७०३।२७ | ४४१५०१५७७०।७१ | ४४१५०१५७७०।७१ | |

पेश्कीको अवस्था

१. बैंकको नाम र ठेगाना ........

२. बैंक खाता नं.

३. बैंक खाता अनुसार बाँकी रु....

४ फछ्र्यौट हुन बाँकी पेश्की

क विगत आर्थिक वर्षसम्मको:

ख यस आर्थिक वर्षको: म्याद नाघेको पेश्की रु

जम्मा रु म्याद ननाघेको पेश्की रु.

५ जम्मा वा भुक्तानी हुन बाँकी चेकको रकम रु

तयार गर्नेको सहीः
नामः [illegible] दाहाल
दर्जा व्यवस्थापन [illegible]
मितिः

रुजु गर्नेको सही
नाम पुण्यकान्त अधिकारी
दर्जा प्रमुख वित्त अधिकृत
मिति

स्विकृत गर्नेको सही
नाम खड्ग बहादुर बिष्ट
दर्जा कार्यकारी निर्देशक
मिति

कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल बाट प्रमाणित

| बजेट | नेपाल सरकार | एम सि सि सहायता (सोझै भुक्तानी) | जम्मा |
|---|---|---|---|
| वार्षिक बजेट रु | १,९९४,०००,००० | ३,०००,०००,००० | ४,९९४,०००,००० |
| निकासा रु | ४,५२७,९३४ | ५७४,४५६,२९७ | ५७८,९८४,२३० |
| खर्च रु | ४,५२७,९३४ | ५७४,४५६,२९७ | ५७८,९८४,२३० |
| बाँकी रु | १,९८९,४७२,०६६ | २,४२५,५४३,७०३ | ४,४१५,०१५,७७० |
| पेश्की बाँकी रु | | | ०.०० |
| बेरुजु रु | | | |
| बेरुजु पाना नं. | | | |

MILLENNIUM CHALLENGE ACCOUNT NEPAL

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति
दोस्रो तथा तेस्रो तल्ला, पूर्वी लङ, लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति कम्प्लेक्स, दरवार मार्ग, काठमाडौं
+९७७-०१-४२३८३५३/४२३८३९२ I info@mcanp.org I www.mcanp.org